# निजामती सेवा दिवस २०६७ का अवसरमा सामान्य प्रशासन मन्त्रालयका सचिव वालानन्द पौडलले दिनुभएको मन्तव्य

(२०६७ भाद्र २२)

सभाका सभाध्यक्ष एवं निजामती सेवा दिवस २०६७ मूल समारोह समितिका अध्यक्ष तथा श्रीमान् मुख्य सचिवज्यू,
यस समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू
सम्माननीय प्रधानन्यायाधीशज्यू
सम्माननीय सभामुखज्यू
माननीय मन्त्रीज्यूहरू
माननीय राज्यमन्त्रीज्यूहरू
संवैधानिक अंगका प्रमुखज्यूहरू
नेपाल सरकारका सचिवज्यूहरू
सुरक्षा निकायका प्रमुखहरू
ट्रेड युनियनका अध्यक्ष एवम् पदाधिकारीहरू
आज सम्मानित हुने र पुरस्कृत हुने व्यक्तित्वहरू
सेवानिवृत्त आदरणीय अग्रज कर्मचारीहरू
पत्रकार मित्रहरू
उपस्थित महिला तथा सज्जनवृन्द,

१. निजामती सेवा दिवस, २०६७ मूल समारोहको यस कार्यक्रममा उपस्थित भई दिनुभएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, माननीय राज्यमन्त्रीज्यूहरू, संवैधानिक अंगका प्रमुखज्यूहरूलगायत सम्पूर्ण आमन्त्रित विशिष्ट अतिथिज्यूहरूमा म सम्पूर्ण निजामती कर्मचारीहरूका तर्फबाट, मूल समारोह समितिका तर्फबाट र मेरो आफ्नोतर्फबाट पनि हार्दिक स्वागत गर्न चाहन्छु ।

२. 'शिष्ट र नम्र व्यवहार : सेवाग्राहीको अधिकार' भन्ने नाराका साथ मनाउन लागिएको यस निजामती सेवा दिवसले पुनः हामी सबै निजामती कर्मचारीहरूलाई एकपटक आफ्नो दायित्वबोध गराई जनसेवामा लागिरहन प्रेरित गर्नेछ ।

३. सरकारका कार्यहरूलाई जनतामाझ पुऱ्याउने माध्यम नै निजामती सेवा हो र निजामती राष्ट्रसेवकहरूको कार्यले नै सरकारको छविलाई उजागर गर्ने हुँदा सबै निजामती राष्ट्रसेवकहरूले विगत वर्षहरूमा गरेको कार्यको मूल्याङ्कन गर्दै भविष्यमा अझ जिम्मेवारीका साथ सेवाप्रवाह गर्ने प्रतिबद्धता व्यक्त गर्नु हामी सबैको कर्तव्य हो ।

४. सरकारको दिशानिर्देशनमा निष्पक्ष रही जनताले अपेक्षा गरेको सेवालाई प्रभावकारी ढंगले सम्पादन गर्न आजका दिनमा हामी सबैले प्रण गर्नुपर्दछ ।

५. कर्मचारीको मनोबल उच्च राख्ने हेतुले गत वर्ष भएका कल्याणकारी कार्यले सबै निजामती कर्मचारीको उत्प्रेरणा बढ्न गएको छ । आगामी दिनमा समेत निजामती कर्मचारीका कल्याणकारी कार्यहरू निरन्तर रहने विश्वास गरिएको छ ।

६. आज सम्मानित हुनुहुने र पुरस्कृत हुनुहुने सम्पूर्ण महानुभावहरूलाई बधाई दिन चाहन्छु ।

७. अन्तमा, यस समारोहमा उपस्थित सम्माननीय प्रधानमन्त्रीज्यूलगायत सम्पूर्ण महानुभावहरूमा पुनः हार्दिक स्वागत गर्दै मेरो मन्तव्य यही टुङ्ग्याउँछु ।

धन्यवाद ।